राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २२, पुस ११ गते शुक्रबार, २०८२ (26 December, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# निर्वाचन गराउनु निर्विकल्प कर्तव्य : कावाप्रनि आयुक्त

## राजनीतिक मुद्दा राजनीतिक रूपमै र कानुनी मुद्दा कानुनी रूपमै शिरोपर गर्ने

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आवश्यक सम्पूर्ण तयारी भइरहेकाले अब प्रतिनिधिसभा सदस्य निर्वाचन हुन्छ कि हुँदैन भन्नेमा बहस गर्नु निरर्थक हुने बताएका छन् । आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेसका विषयमा राजनीतिक दलका लागि निर्वाचन आयोगद्वारा आयोजित दुई दिने अभिमुखीकरणको समापन सत्रलाई सम्बोधन गर्दै कावा प्रमुख आयुक्त भण्डारीले अहिलेको अवस्थामा निर्वाचन निर्विकल्प समाधान भएको बताएका हुन् । निर्वाचनको राजनीतिक मुद्दा राजनीतिक रूपमै हल हुने र आयोगले राजनीतिक तथा कानुनी रूपमै हल भएका विषयलाई शिरोपर गर्ने स्पष्ट पारे । जसरी पनि निर्वाचन गराउन तल्लीन रहेको आयोगसँग निर्वाचन गर्नेबाहेक अन्य अठोट नएभएको उल्लेख गर्दै उनले 'जेन-जी' प्रदर्शनपछिको राजनीतिक अवस्थामा समयमा निर्वाचन नभए के हुने भन्ने अन्योल रहेको समेत सुनाए । 'त्यसकारण निर्वाचन गराउनु निर्विकल्प काम हो,' कावा प्रमुख आयुक्त भण्डारीको भनाइ छ- 'संविधानलाई नियमिततामा ल्याउन पनि निर्वाचन आवश्यक छ । म सबै दललाई निर्वाचनमा राम्रो उम्मेदवार छनोट गरेर मुलुकमा सुशासन कायम गराउने दायित्व निर्वाहमा लाग्न आग्रह गर्दछु ।'



समानुपातिकको बन्दसूची पेस गर्दा जात, भाषा, वर्ग र भूगोल सबैलाई प्रतिनिधित्व हुने गरी त्रुटिरहित रूपमा गर्न आग्रह उनले जारी हुने निर्वाचन आचारसंहिताको पूर्ण

क्रमशः अन्तिम पृष्ठमा

# संविधानको अक्षर र मर्मको पालना गरेका छौं : नेपाली सेना

**काठमाडौं ।** नेपाली सेनाले 'जेन-जी' प्रदर्शनपछिको स्थितिलाई सहज तुल्याउने सन्दर्भमा राष्ट्रपति र कार्यपालिकाको निर्णय अधिकारको सम्मान गरेको उल्लेख गरेको छ । परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व नै भएको समेत स्पष्ट पारेको हो ।

तत्कालीन अवस्थाका बारेमा चर्चा गर्दै जंगीअड्डाले प्रकाशित गरेको एक लेखमा भनिएको छ 'संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरू आइरहेका छन् । सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकांक्षा देखाएको छ । जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ । यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो ।'

उक्त लेखमा सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको स्पष्ट पार्दै भनिएको छ, 'सेना संविधानप्रति निष्ठावान छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ ।' सेनामा राजनीतिक महत्त्वाकांक्षा पटक्कै नभएको उल्लेख गर्दै भनिएको छ 'तत्कालीन राजनीतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेको चाहिँ पक्कै हो । सेनामा यदि राजनीतिक महत्वकांक्षा हुन्थ्यो भने, आज हामी यो अवस्थामा हुन्थ्यौं र ?' विद्यमान अवस्थालाई मूल्यांकन गरी सुरक्षा निकायलाई मजबुत बनाउनु राष्ट्रको हितमा भएको उल्लेख गर्दै भनिएको छ- 'परिस्थितिको सतहीभन्दा वस्तुपरक ढंगबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ ।

**यस्तो छ जंगीअड्डाको लेखको पूर्णपाठ :**
**भदौ २३–२४ गतेपश्चातको परिस्थिति :**
**नेपाली सेनाको भूमिका**

गत भदौ २३-२४ गतेको जेनजी आन्दोलन र सोपश्चात् विकसित घटनाक्रममा सेनाको भूमिका र राष्ट्रिय सुरक्षाको सम्बन्धमा विभिन्न पक्षबाट बहस भएको देखिन्छ । लोकतन्त्रमा समालोचना अपरिहार्य हुन्छ । नेपाली सेनालगायत राज्यका संरचनाहरूको समालोचना, प्रशंसा तथा खबरदारी गर्न पाउनु जनताको लोकतान्त्रिक

क्रमशः अन्तिम पृष्ठमा

# प्रत्यक्ष निर्वाचित कार्यकारी निरङ्कुश नै हुन्छ ?

**समय- सन्देश**
काजी गुरुङ

पहिलो तथा दोस्रो संविधानसभाको कार्यकालमा नेपालको शासकीय स्वरूप अन्तर्गत प्रत्यक्ष निर्वाचित कार्यकारी कि संसद्बाट निर्वाचित प्रधानमन्त्री भन्ने बारे बहस चर्को रूपमा मुखरित भएको थियो । संविधान सुझाव सम्बन्धी समितिले जनतामा सुझाव लिने क्रममा पनि देशैभरबाट अत्यधिक जनताले प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा आफ्नो सुझाव जाहेर गरेका थिए । केही समय मत्थर देखिएको यो बहस पछिल्लो जेनजी आन्दोलनसँगै फेरि सतहमा आएको छ ।

तत्कालीन समयका प्रमुख राजनीतिक शक्तिहरू मध्ये नेकपा (माओवादी) र मधेसवादी दलहरू प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा थिए । नेकपा (एमाले) प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा थियो भने नेपाली काङ्ग्रेस संसदीय व्यवस्था अन्तर्गतको संसद्बाट निर्वाचित प्रधानमन्त्रीको पक्षमा उभिएको थियो । तर संविधान निर्माणको चरणसम्म पुग्दा राजनीतिक शक्ति सन्तुलनका कारण अहिलेको संसदीय व्यवस्था नै कायम हुन पुग्यो । जसको सकारात्मक र नकारात्मक पाटोको विषयमा हामी भुक्तभोगी नै छौं ।

नेपालले संसदीय राजनीतिको अभ्यासमा गरेको अनुभव अनुसार त्यसको प्रमुख चरित्र नै अस्थिरता र अवसरवाद नै देखिएको छ । काङ्ग्रेस वा कम्युनिस्ट दुवै शक्तिले पाएको स्पष्ट बहुमतको कहिले पनि सदुपयोग हुन सकेन । नेपाली काङ्ग्रेस ०४८ र ०५६ सालमा चुक्यो भने कम्युनिस्टहरू ०६४ को संविधानसभा

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- २२, पुस ११ गते शुक्रबार, २०८२

**सम्पादकीय**

# यथास्थितिमा चुनाव : अस्थिरतामै थप मलजल

नेपालले लामो समयदेखि परम्परात संसदीय व्यवस्थाको विकल्प खोज्दै आएको हो। एकातिर राजतन्त्रात्मक तानाशाही अत्याचार र अर्कातिर संसदीय जडमतिवादका बीचको साँठगाँठमा नेपालका क्रान्तिकारी कम्युनिस्टहरू सम्झौता गर्न बाध्य हुनुपर्दा हालसम्म संसद्वादबाट देशले मुक्ति पाउन सकेन।

ऐतिहासिक पहिलो संविधानसभामा क्रान्तिकारी कम्युनिस्टहरूको बलियो उपस्थिति भए तापनि निर्णायक संख्या र शक्ति थिएन। जनवादी-समाजवादी राज्यव्यवस्था तत्काल स्थापना गर्न सम्भव नभए तापनि तुलनात्मक रूपले प्रगतिशील संसदीय व्यवस्थाको निर्माणार्थ उक्त शक्तिले यथासम्भव प्रयास गऱ्यो। सोही कारण उक्त संविधानसभा विघटित हुन पुग्यो र दोस्रो संविधानसभामा परम्परागत संसदीय व्यवस्थाकै हिमायतीहरूको निर्णायक उपस्थिति रहन पुग्यो। यो स्थितिमा नेपालको संविधान, २०७२ जारी हुँदा गणतन्त्र, संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशिता र धर्मनिरपेक्षताजस्ता कतिपय सकारात्मक एवम् प्रगतिशील अन्तर्वस्तु समेटिए तापनि राज्यको शासकीय स्वरूप र प्रणालीमा तात्त्विक परिवर्तन आउन सकेन र आधारभूत रूपले परम्परागत संसदीय व्यवस्था नै कायम रहन पुग्यो।

यसरी जनाकांक्षा र मुलुकको आवश्यकता सम्बोधन हुन नसक्दा मुलुकमा राजनीतिक द्वन्द्व, अस्थिरता, विभाजन र विघटनको क्रम यथावत कायम रह्यो। कम्तिमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था हुन सक्दा अरु केही हुन नसके तापनि अहिलेको भन्दा केही मात्रामा राजनीतिक स्थिरताचाहिँ कायम रहन सक्ने पक्कापक्की थियो। तर, त्यो भएन र त्यसयताका कुनै पनि सरकार मात्र होइन कि संसद समेतले निर्विघ्नतापूर्वक पूरा कार्यकाल काम गर्न पाएनन्/सकेनन्। यही स्थितिमा कुनै विकास र परिमार्जनविनै फेरि संसदको चुनाव गराइँदैछ र यसले पनि राजनीतिक स्थिरता दिनुको सट्टा झन् चर्को अस्थिरता निम्त्याउने निश्चित छ।

## प्रत्यक्ष निर्वाचित...

र ०७४ मा चुक्न पुगे। अहिले कुनै पनि विचारधाराको एकल बहुमत पुग्ने सम्भावना क्षीण छ।

कुनै पनि शासकीय प्रणाली आफैमा खराब हुँदैन। तर त्यसको प्रयोगले सफलता र असफलताको मापन भने गर्नै पर्ने हुन्छ। नेपालको सन्दर्भमा संसदीय व्यवस्थाको अभ्यास संसदीय मर्यादा र संस्कार अनुसार हुनै सकेन। यसलाई नैतिकताको कसीमा भन्दा पनि अङ्क गणितको खेलका रूपमा मात्र बुझियो र प्रयोग गरियो। जसकारण पार्टीहरूले पाएको एकल बहुमतको सरकार पनि पूरा कार्यकाल टिक्न सकेन।

नेपालमा निरन्तर देखिने पार्टीहरूको अस्वाभाविक विभाजन, गठबन्धन, राजनीतिक अस्थिरता, अवसरवादी चरित्र, निर्वाचनको टिकट र राजनीतिक तथा संवैधानिक नियुक्तिमा हुने मोलमोलाइ ठुला समस्या हुन्। यी समस्याको मूलमा नेपाली राजनीतिमा देखिरहेको अन्त्यहीन राजनीतिक सङ्क्रमण छ। यो शासकीय स्वरूपसँग जोडिएको विषय हो। जसमा सरकार गठन र सञ्चालनको प्रमुख भूमिका रहेको हुन्छ।

हामीले अभ्यास गरिरहेको संसदीय व्यवस्था सफल हुन्थ्यो भने पक्कै पनि पटक-पटक देशले ठुला आन्दोलन र विद्रोहको सामना गर्नु पर्दैन थियो होला। विद्यमान व्यवस्थाले उचित परिणाम निकाल्न नसक्दा नै अकल्पनीय रूपमा असन्तुष्टिहरू सडकमा पोखिने गरेका छन्। पछिल्लो बलशाली जेनजी आन्दोलन र त्यसको ठुलो क्षति सत्ताको गलत अभ्यास कै परिणाम हो।

नयाँ पुस्ताले गरेको विद्रोह पछिको माग नै शासकीय प्रणालीमा सुधार र सुशासन हुनुपऱ्यो भन्ने हो। यसरी अहिले शासकीय प्रणालीको विषयमा सबै पक्षबाट भइरहेको बहसलाई सकारात्मक नै मान्नुपर्छ। अहिले केही स्थापित मिडिया र बुद्धिजीवीहरूले व्यवस्थित बहस चलाइरहेका छन्। केही राजनीतिक शक्तिहरू यसलाई चुनावी एजेण्डा बनाएर जाने तयारीमा पनि देखिन्छन्। अब नेपालमा अभ्यास हुन बाँकी यही एउटा विकल्प मात्र छ। संवैधानिक राजतन्त्र, सक्रिय राजतन्त्र, दलविहीन राणा व्यवस्था र पञ्चायत, बहुदलीय संसदीय व्यवस्था सबै अभ्यास भइसकेपछि आजको प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस अगाडि आएको हो।

संसदीय राजनीतिमा विकृति देखिएका कारण नौलो विकल्पका रूपमा अगाडी सारिएको यस्तो बहसलाई एक प्रकारको अतिमा बुझ्ने गरेको पनि पाइन्छ। प्रत्यक्ष निर्वाचित कार्यकारीलाई घोषित अवधिसम्म चलाउन नसकिने हुँदा अधिनायकवादी बन्छ भन्ने तर्क गर्ने गरिएको छ। कुनै सनकी मान्छे कार्यकारी निर्वाचित भयो भने देश दुर्घटनामा जान्छ भन्ने गरिएको छ। विविधतामूलक समाजमा एउटा व्यक्ति शक्तिशाली बन्ने कुरा राम्रो होइन भन्ने गरेको पनि पाइन्छ।

प्रश्नरहित कुनै व्यवस्था हुँदैन भन्ने अर्को सत्य हो। निश्चय पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमाथि पनि थुप्रै शङ्का र प्रश्नहरू हुन सक्छन्। यसको पुष्टि प्रयोग गरेपछि मात्र हुन सम्भव छ। प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रणाली वंशमा आधारित अनिर्वाचित राजतन्त्र जस्तो होइन। यो जननिर्वाचित व्यक्ति सरकार वा राज्यको प्रमुख हुने प्रणाली हो। यो जनप्रतिनिधि संस्था वा संसद्भन्दा पनि जनताप्रति सोझै उत्तरदायी हुन्छ। यसलाई अविश्वासको प्रस्तावद्वारा सामान्य बहुमतले अपदस्त गर्न सकिँदैन।

गैरसंसदीय वा अध्यक्षात्मक प्रणाली अन्तरगतको कार्यकारी प्रणालीमा राष्ट्रपति शक्तिशाली सरकार प्रमुख हुन्छ। त्यसलाई मन्त्रिमण्डल गठन गर्दा सांसदहरू समावेश गर्नै पर्छ भन्ने बाध्यता हुँदैन। सांसद वा गैरसांसद जो कोहीलाई मन्त्रीमा नियुक्ति गर्न सक्छ। विज्ञहरूको मन्त्रिमण्डल गठन गर्न सक्छ। यहाँ संसद्को भूमिका नीति निर्माणमार्फत सरकारलाई दबाबमा राख्नु मात्र हुन्छ। सरकार बनाउने भूमिकामा संसद् रहँदैन।

सरकारको नीति तथा कार्यक्रम एवं बजेट जस्ता महत्त्वपूर्ण विषयहरूमा संसद्ले छड्के परीक्षण गर्न सक्छ। जनताबाट 'भिटो पावर' बोकेर आएको सरकार प्रमुख अधिनायकवादी बन्न खोजेको अवस्थामा संसद्ले अङ्कुश लगाउन सक्छ। अर्का पटकको निर्वाचनमा जनताले पराजय गर्न सक्छन्। कहिलेकाहीँ सरकार प्रमुख शक्तिशाली हुन पुगेको अवस्थामा उसको पार्टी संसद्मा कमजोर हुनसक्छ। विपक्षीहरू शक्तिशाली बन्न सक्छन्।

त्यसो हुँदा विपक्षीहरूको विश्वास नजिती काम गर्न नसक्ने अवस्था आउन सक्छ। त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा राष्ट्रपति कमजोर हुँदा भिटो प्रयोग गर्ने अधिकार सुरक्षित गरिएको हुन्छ। अधिनायकवादी बन्ने अवस्थामा संसद्मा महाअभियोगको व्यवस्था सुरक्षित गरिएको हुन्छ। यसरी सन्तुलन कायम गरिएको प्रणालीलाई एकाङ्गी रूपमा निरङ्कुशतासँग मात्र जोड्न खोज्नु न्यायोचित देखिँदैन।

त्यसो त गैरसंसदीय व्यवस्था भन्ना साथ प्रत्यक्ष निर्वाचित कार्यकारी भन्ने मात्रै हुँदैन। मिश्रित प्रणाली पनि हुन्छ। त्यसलाई फ्रान्सेली मोडल भनेर पनि चिनिन्छ। जसमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन्छ। राष्ट्रपति र प्रधानमन्त्रीको कार्यक्षेत्र र अधिकारको स्पष्ट बाँडफाँट गरिएको हुन्छ। प्रधानमन्त्री सैद्धान्तिक रूपमा संसद्प्रति उत्तरदायी हुन्छ।

अर्को विकल्पका रूपमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था पनि हुनसक्छ। स्थिर सरकारका रूपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा राज्यप्रमुखका रूपमा संसद्बाट निर्वाचित राष्ट्रपतिको व्यवस्था गरेर पनि नेपालमा कायम रहेको राजनीतिक अस्थिरता र सङ्क्रमणलाई हल गर्न पनि सकिन्छ।

कुनै समय मध्यपूर्वका शक्तिशाली राष्ट्र इजरायलले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको अभ्यास गरेको थियो। अहिले भने यस्तो शासकीय स्वरूपको अभ्यास विश्वको कुनै पनि देशमा छैन। हाल विश्वमा संसद्बाट निर्वाचित प्रधानमन्त्री रहने 'वेष्टमिनिस्टेरियल' प्रणाली, प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा अध्यक्षात्मक प्रणाली र मिश्रित प्रणाली अभ्यासमा रहेका छन्।

नेपालले आजसम्म अभ्यास गरेको प्रणाली संसदीय सर्वोच्चता रहने वेष्टमिन्स्टेरियल प्रणाली हो। त्यसैको विकल्पको खोजीमा अहिले बहस चलिरहेको छ। यी शासकीय स्वरूपका आ-आफ्नै निर्वाचन प्रणालीहरू रहेका छन्। अमेरिकाको राष्ट्रपतीय निर्वाचन प्रणालीमा जनताले सोझै राष्ट्रपतिका उम्मेदवारलाई भोट हाल्ने व्यवस्था छैन। त्यहाँ 'इलेक्टोरल कलेज' मार्फत राष्ट्रपतिको निर्वाचन हुन्छ।

जनताले ५ सय ३८ इलेक्टोरलाई विभिन्न राज्यबाट राष्ट्रपति छान्नका लागि निर्वाचित गर्छन्। त्यस मध्ये २ सय ७० इलेक्टोरको समर्थन प्राप्त गर्ने व्यक्ति नै राष्ट्रपति निर्वाचित हुन्छ। तर निर्वाचित राष्ट्रपति शक्तिशाली सरकार प्रमुख र राज्यप्रमुखका रूपमा रहन्छन्। त्यसैगरी ब्राजिल, चिली, मेक्सिको, भेनेजुएला, दक्षिण कोरिया, मालदिभ्स, श्रीलङ्का लगायतका देशहरूमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहेका छन्।

अहिले नेपालमा चलिरहेको बहस भनेको जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपतिको हो। प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भए त्यहाँ राष्ट्रपतिको भूमिका राज्य प्रमुखको रूपमा आलङ्कारिक मात्र हुन्छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपति भएमा सरकार प्रमुख र राज्य प्रमुख दुवै एउटै व्यक्ति हुन्छ।

राजनीतिक अस्थिरताको दुष्चक्र अन्त्यका लागि नेपाललाई पाँच वर्ष वा निश्चित समयसम्म टिक्न सक्ने शासकीय स्वरूपको आवश्यकता छ। त्यो भनेको यी दुई विकल्प या फ्रान्सेली शैलीको मिश्रित प्रणालीबाट मात्रै सम्भव छ। कार्यकारी प्रमुखको निर्वाचन प्रणाली अपनाउँदा निर्वाचक मण्डलबाट नभएर जनताबाट प्रत्यक्ष निर्वाचित हुने प्रणाली अपनाउनु उपयुक्त हुन्छ। त्यसो गर्दा प्रत्येक जनताको आफ्नो भावना र अपनत्व जोडिएको हुन्छ।

आफ्ना एजेन्डा लिएर गएका उम्मेदवारहरूमध्ये जनताको प्रत्यक्ष मत मार्फत स्पष्ट बहुमत ल्याउने उम्मेदवार नै विजयी हुने प्रणाली नेपालको हकमा उपयुक्त हुन्छ। उम्मेदवारहरूमध्ये पहिलो चरणमा कसैले स्पष्ट बहुमत ल्याउन नसकेको अवस्थामा दोस्रो चरणमा प्रमुख दुई प्रतिस्पर्धीको निर्वाचन गराउन सकिन्छ। उम्मेदवारहरू मध्ये पहिलो हुनेलाई निर्वाचित गरेमा बहुमतको भावनाको प्रतिनिधित्व नहुने परिस्थिति पनि बन्न सक्छ।

सबै क्षेत्र, जाती, लिङ्ग र भाषाको सुनिश्चित सहभागिताका लागि पूर्ण समानुपातिक जनप्रतिनिधि संस्था तथा स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी नै नेपालका लागि सबैभन्दा उपयुक्त मोडल हुन सक्छ। बारम्बारको निरङ्कुशताले अत्तालिएको नेपाली समाज प्रत्यक्ष निर्वाचित कार्यकारीको नयाँ प्रयोगमा जाने बित्तिकै अधिनायकवादी शासनमा फस्ने त होइन भनेर चिन्तित हुनु स्वाभाविकै हो।

आजको हाम्रो राजनीतिको महारोग चरम अस्थिरता नै हो। अस्थिरताको यस्तो दुष्चक्रबाट देशलाई मुक्त गर्न अब विविधताको बिचबाट पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जानुको विकल्प नै छैन। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको बीचमा हुने आपसी नियन्त्रण र सन्तुलनका लागि प्रशस्त बहस गर्न सकिन्छ।

उचित विधि अवलम्बन गर्दै प्रत्यक्ष कार्यकारी प्रमुख अधिनायक बन्नबाट रोक्न सकिन्छ। जनताको मत नै सबैभन्दा शक्तिशाली हुने सुनिश्चित भएपछि नेतृत्व अद्यावधिक नहुने भन्ने पक्कै हुँदैन। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र अधिनायकवादलाई एउटै तुलामा जोख्नु गलत हुन्छ। तसर्थ अस्थिरताको अन्त्यका लागि अब हिम्मतसाथ निर्णय गर्नै पर्ने हुन्छ।

**-रातोपाटीबाट।**

# नेकपा छिरे एमाले पूर्वसांसद गिरी

**काठमाडौं।** हालसालै ११औं राष्ट्रिय महाधिवेशन सकाएको नेकपा एमाले परित्याग गरी मधेश प्रदेशका पूर्व प्रदेशसभा सदस्य प्रल्हाद गिरीसहित विभिन्न चार दर्जनभन्दा बढी नेता तथा जनप्रतिनिधिहरू नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेका छन्। एमाले परित्याग गरेका गिरीसहितका ती जनप्रतिनिधिलाई नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सह-संयोजक माधव कुमार नेपालले नेकपामा स्वागत गरेका हुन्।

नेकपाको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित एक विशेष समारोहका बीच नवप्रवेशीहरूलाई संयोजक दाहाल र सह-संयोजक नेपालले अबिर र खादा लगाएर पार्टीमा भित्र्याए। त्यस अवसरमा २०७४ मा प्रदेशसभा निर्वाचनमा पर्साबाट निर्वाचित तत्कालीन सांसद प्रल्हाद गिरीको नेतृत्वमा डा अन्जु यादव, पर्साको विन्ध्यवासिनी गाउँपालिकाका पूर्व अध्यक्ष श्रीलाल साह कानु, वर्तमान उपाध्यक्ष ज्योति चौरसिया, नेता लक्ष्मण चौरसिया, पूर्व वडाध्यक्ष हनिफ अन्सारी तथा सांसद प्रतिनिधि राजकुमार गुप्ता नेकपामा प्रवेश गरेका छन्।

यसैगरी विन्ध्यवासिनीका पूर्व वडाध्यक्ष संजय चौहान, राप्रपा प्रदेश सदस्य चिन्टु तिवारी, एमाले महाधिवेशन प्रतिनिधि उत्तम तिवारी, वडाध्यक्षका प्रत्याशी उच्चेलाल मुखिया, बहुदरमाई नगरपालिकाका मेयर प्रत्याशी विपिन यादव, पूर्व वडाध्यक्ष रामरेखा सिंह, वडा नं ७ का वडाध्यक्ष विरेन्द्र यादव, राधा बैठा र मिना देवी बैठालगायत नेकपा प्रवेश गरेका छन्।

यस्तैगरी एमाले परित्याग गरेका पोखरिया नगरपालिकाका उपमेयर प्रत्याशी उपेन्द्र ठाकुर, स्याङ्जाका एमाले नेता इस्लाम मियाँ र ओखलढुंगाका एमाले नेता सिताराम गुरुङलगायत नेकपामा प्रवेश गरे।

नवप्रवेशीलाई पार्टीमा स्वागत गर्दै संयोजक प्रचण्डले देश संकटमा परेको अवस्थामा राष्ट्र, राष्ट्रियता र सार्वभौमसत्ताको रक्षाका लागि सबै एकताबद्ध हुनुपर्नेमा जोड दिए। समारोहमा नवप्रवेशीलाई बधाई दिँदै संयोजक दाहालले भने 'तपाईंहरूले उचित समयमा उचित निर्णय गर्नुभएको छ। यो प्रवेशले पार्टीलाई थप ऊर्जा मिलेको छ। अब समाजवादी क्रान्तिको पक्षमा जनतासँग मिलेर अघि बढ्नुपर्छ।'

समारोहमा सह-संयोजक माधवकुमार नेपालले नेपाली कम्युनिस्ट पार्टीमा सबैलाई सम्मानजनक स्थान मिल्ने टिप्पणी गर्दै पद तथा अवसरका लागि अन्यत्रजस्तो दबाब दिनु नपर्ने र कामको मूल्यांकन हुने वातावरण पार्टीमा रहेको धारणा व्यक्त गरे। पछिल्लो समय एमालेसहित विभिन्न पार्टी परित्याग गरी नेकपामा प्रवेश गर्नेहरूको लर्को लागेको छ।

# सिन्धुपाल्चोक नेकपाबाट दुई युवानेता सर्वसम्मत

**काठमाडौं ।** आगामी प्रतिनिधि सभा चुनावका लागि नेपाली कम्युनिस्ट पार्टी सिन्धुपाल्चोकमा दुई युवा नेता सर्वसम्मत रूपमा सिफारिस भएका छन् ।

फागुन २१ का लागि तोकिएको उक्त चुनावमा क्षेत्र नम्बर १ का लागि निवर्तमान सांसद समेत रहेका माधव सापकोटा र सोही क्षेत्र नम्बर २ का लागि वर्तमान प्रदेश सांसद तथा मन्त्री युवराज दुलाल सर्वसम्मत सिफारिस भएका हुन् ।

पूर्व सांसदद्वय राजकुमार श्रेष्ठ र सिंहबहादुर विश्वकर्माको प्रस्ताव र बागमती प्रदेशसभा सदस्य सरल सहयात्री पौडेलको समर्थनमा नेताद्वय सिफारिसमा परेका नेकपाले जानकारी दिएको छ । सापकोटा २०४९ मा त्यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

# त्रिविको ५१औं दीक्षान्त समारोह : हस्तक्षेपमुक्त बनाउने प्रधानमन्त्रीको दावी

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउन सरकार सकारात्मक पहल गरिरहेको दावी गरेकी छन् । बिहीबार काठमाडौंमा त्रिभुवन विश्वविद्यालयको ५१औं दीक्षान्त समारोहलाई गरेको सम्बोधनमा विश्वविद्यालयका कुलपति समेत रहेकी प्रधानमन्त्री कार्कीले दलीय हस्तक्षेपले नेपालको उच्चशिक्षा क्षेत्रलाई निरन्तर असर परेको उल्लेख गर्दै राजनीतिक हस्तक्षेपमुक्त बनाउन सरकार सकारात्मक पहल गरिरहेको बताएकी हुन् ।

प्रधानमन्त्री नै विश्वविद्यालयको कुलपति हुने व्यवस्थालाई परिमार्जन गर्नुपर्ने उनको धारणा थियो । देश विकासका लागि शिक्षामा लगानी वृद्धि गर्नुपर्ने र विश्वविद्यालयलाई प्राज्ञिक बहसको थलो बनाउन सबै पक्षले प्रयत्न गर्नुपर्नेमा उनको जोड थियो । युवाहरू त्रिविबाट दीक्षित भएपछि रोजगारीको प्रतिस्पर्धा, जलवायु परिवर्तन, सामाजिक असमानता लगायतका चुनौती सामना गर्न तयार हुनुपर्नेमा जोड दिइन् । विश्वविद्यालयको ठूलो संरचना र आकारले मात्र गुणस्तरीय र अन्तर्राष्ट्रियस्तरको शिक्षा सुनिश्चित हुन नसक्ने भएकाले प्राध्यापक-विद्यार्थीको सही अनुपात कायम गर्दै प्रधानमन्त्री कार्कीले गुणस्तरीय शिक्षाका लागि प्राध्यापक, विद्यार्थी तथा व्यवस्थापन थप क्रियाशील हुन जरुरी रहेको दावी गरिनुद्ध ।

समारोहलाई सम्बोधन गर्दै उनले उच्च शिक्षाको लागि ठूलो हिस्सा विदेशीनु पर्ने अवस्थामा शैक्षिक गुणस्तरमा उत्कृष्टता कायम राख्दै समयानुकूल नयाँ व्यवहारिक शैक्षिक कार्यक्रम थप गर्न ध्यान दिनुपर्ने बताइन् । यो पटक दीक्षान्त समारोहमा १६ हजार ३ सयभन्दा बढी विद्यार्थी दीक्षित भए भने विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तह समेतको गरी ८९ हजार १०१ विद्यार्थी उत्तीर्ण भएका थिए ।

# खनालपत्नी रविलक्ष्मीलाई भेटे प्रचण्ड र नेपालले

**काठमाडौं ।** भदौ २३ र २४ मा भएको 'जेन-जी' प्रदर्शनका क्रममा जलाएर घाइते बनाइएकी पूर्वप्रधानमन्त्री झलनाथ खनालकी पत्नी रविलक्ष्मी शाक्यलाई भारतमा लामो उपचारपछि काठमाडौं ल्याइएको छ । भारतमा उपचारपछि स्वदेश फर्केकी खनालपत्नी शाक्यलाई भेट्न नेकपाका नेताहरू खनाल निवास पुगेका हुन् । उपचारका क्रममा एउटा हात नै काट्नु परेको शाक्यलाई नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल तथा सह-संयोजक माधवकुमार नेपाल खनाल निवासमै पुगेको दाहालका स्वकीय सचिव गोविन्द आचार्यले जानकारी दिए ।

'नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड तथा सह-संयोजक माधवकुमार नेपालले 'जेन-जी' आन्दोलनका क्रममा आगजनीमा परेर गम्भीर घाइते हुनुभएकी नेता झलनाथ खनालकी धर्मपत्नी रविलक्ष्मी चित्रकारको स्वास्थ्य अवस्थाबारे जानकारी दिनुका साथै स्वास्थ्यलाभको कामना गर्नुभएको छ' उनले भने । गतसाता भारतबाट उपचार सकेर फर्किएकी चित्रकारलाई भेट्न संयोजक दाहाल र सह-संयोजक नेपाल डल्लुस्थित निवासमा पुगेर उनको स्वास्थ्यबारे जानकारी लिएको समेत स्वकीय सचिव आचार्यले जानकारी दिए ।

भेटका क्रममा कमरेडद्वय दाहाल र नेपाललाई नेता खनालले पत्नी चित्रकारको स्वास्थ्य अवस्था खतरामुक्त रहेको र थप सुधारका लागि उपचारकै क्रममा रहेको जानकारी गराएका थिए ।

# खेल सुरु भएपछि नियम नबदलौं : नेकपा

**काठमाडौं ।** सरकारले फागुन २१ मा तोकिएको चुनाव सम्पन्न गराउन आयोजित सर्वपक्षीय छलफलमा विभिन्न राजनीतिक दलहरूले वातावरण बनाउनु सरकारको पहिलो कर्तव्य भएको बताएका छन् । सरकारले चुनावका लागि पूर्ण प्रतिबद्ध रहेको भनेको छ भने 'जेन-जी'का युवाहरूले एक थान चुनाव गराउने मात्रैले समस्याको समाधान नगर्ने बताएको हो ।

सर्वपक्षीय बैठकमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता वर्षामान पुनले घोषित मितिमै निर्वाचन सम्पन्न गराउने सरकारको प्रतिबद्धता सह्रानीय भएको उल्लेख गर्दै निर्वाचन सम्पन्न गर्न दलहरूले सरकारलाई आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए । सरकारले नियतबस चुनावको मिति सार्नेतर्फ सोच्न पनि नहुनेमा बताएका उनले संविधान विपरीत सरकारले निर्वाचन पर धकेल्ने प्रयास गरे आफूहरूलाई स्वीकार्य नहुने चेतावनी समेत दिए ।

घोषित मितिमा निर्वाचन हुन नसके सरकारले निर्णय गर्ने वा पुरानै संसद पुनर्स्थापना हुने वा सडकले छिनोफानो गर्नेप्रति सरकारलाई सचेत गराउँदै नेता पुनले भने 'घोषित मितिमा निर्वाचन सम्पन्न गराउने विषयमा सरकारको तर्फबाट आएको कमिटमेन्ट सह्रानीय छ । हाम्रो दलको तर्फबाट यसको लागि सरकारलाई आभार व्यक्त गर्न चाहन्छु ।' पार्टीका तर्फबाट धारणा राख्दै नेता पुनले 'सरकारले पनि निर्वाचनलाई वैशाख, जेठतिर लैजान खोजेको हो कि भन्ने शुरु-शुरुका दिनमा आशंका थियो । अहिले त्यो ठाउँ नभएको जस्तो देखिन्छ । प्रमुख राजनीतिक दलहरू समेत चुनावी प्रक्रियामा आइसकेको हुनाले उनीहरूलाई अझै प्रोत्साहित गर्नुपर्छ ।'

'जेन-जी'हरू समेत यो प्रक्रियामा सहभागि हुन आएको उल्लेख गर्दै नेता पुनले यो खुशीको कुरा भएको बताए । 'हामी निर्वाचनको लागि सरकारलाई सहयोग गर्नको लागि तयार छौं । तर एउटा कुरा खेल शुरु भइसकेपछि खेलका नियमहरू बीच-बीचमा बदल्नु हुँदैन। बदल्यौं भने कन्फिल्कटहरू ल्याउन सक्छ । राज्यलाई निकास र स्थायीत्व दिनको लागि राजनीतिक दलहरूले पनि राज्यलाई सहयोग गर्नुपर्छ' उनको भनाइ थियो 'तर सरकार ६ महिनाभन्दा उता संविधान विपरीत जान खोज्यो भने हाम्रो समर्थन हुँदैन हामीले स्पष्टसँग भनेका छौं । यदि ६ महिनाभित्र अर्को पार्लियामेन्ट आएन भने कि सडकले निर्णय गर्छ कि पुरानै संसद पुनर्स्थापना हुन्छ । यी कुरामा हामी सबै क्लियर छौं ।' पार्टीका तर्फबाट भनाइ राख्दै नेता पुनले खेल सुरु भइसकेपछि खेलको नियम फेर्नु गलत हुने चेतावनी दिए ।

# वैदेशिक व्यापार : पाँच महिनामा ६ अर्बभन्दा बढी घाटा

**काठमाडौं ।** चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर मसान्तसम्म मुलुकले कूल आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजारको वैदेशिक व्यापार गर्दा ६ खर्ब ४९ अर्ब ६८ करोड घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाखको आयात र एक खर्ब १६ अर्ब ५० करोडको निर्यात भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ । भारतसँग मात्र पाँच महिनामा तीन खर्ब ३९ अर्ब दुई करोडभन्दा बढी व्यापार घाटा देखिएको छ । यो अवधिमा भारतबाट चार खर्ब ३४ अर्ब छ करोड ४२ लाखको वस्तु आयात हुँदा ९५ अर्ब चार करोड २० लाख बराबरको मात्रै निर्यात भएको छ । अर्को छिमेकी मुलुक चीनसँग एक खर्ब ६३ अर्ब ७३ करोड ४८ लाखको आयात र ४६ करोड ६८ लाख बराबरको मात्र निर्यात हुँदा नेपालले एक खर्ब ६३ अर्ब २६ करोड ८० लाखको घाटा व्यहोरेको छ ।

नेपालले व्यापार नाफा गरेका मुलुकहरूमा भने रोमानिया पहिलो स्थानमा देखिएको छ । पछिल्लो पाँच महिनामा रोमानियासँग नेपालको कूल वैदेशिक व्यापार नाफा ६ करोड ३४ लाख ६९ हजार बराबर छ । त्यस्तै स्वीडेन, इराकलगायतका मुलुकसँग नेपालको व्यापार नाफा छ । यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो पाँच महिनामा ४५ अर्ब ६० करोड ६२ लाख ११ हजार बराबरको डिजेल, २७ अर्ब ३३ करोड दुई लाख १४ लाख बराबरको पेट्रोल र २२ अर्ब ३९ करोड ४६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ । १९ अर्ब १३ करोड ६९ लाखको स्मार्टफोन, रू ४६ अर्ब ९७ करोडको कच्चा सोयाबिन तेल, २१ अर्ब ८४ करोड ६३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाबिन तेल पहिलो स्थानमा देखिएको छ । यो अवधिमा ४६ अर्ब ५५ करोड ८६ लाख ६६ हजार बराबरको सोयाबिन तेल निर्यात भएको छ । त्यस्तै पाँच अर्ब ५३ करोड ३२ लाख बराबरको ठूलो अलैंची, चार अर्ब १३ करोड ३४ लाख बराबरको कार्पेट र तीन अर्ब ७३ करोड बराबरको सूर्यमुखी तेल निर्यात भएको छ ।

# तोकिएको जरिवाना नतिर्दा आधा दर्जन दल खारेज

**काठमाडौं ।** तोकिएको जरिवाना नबुझाउने आधा दर्जन राजनीति दलको दर्ता खारेजीमा भएको छ । निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (४) बमोजिम जरिवाना नबुझाएका ६ वटा दलको दर्ता सोही ऐनको दफा १२ बमोजिम खारेज गरेको हो ।

आयोगले जरिवाना नबुझाउने आम आदमी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (लोकतान्त्रिक), नेपाल राष्ट्रवादी पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली) र माओवादी जनमुक्ति पार्टी खारेज भएको जानकारी दिएको छ । पछिल्लो समय आयोगमा १३७ दल दर्ता रहेका छन् ।

# प्रदीपद्वारा महामन्त्रीको उम्मेदवारी घोषणा

**काठमाडौं ।** नेपाली कांग्रेस नेता एवं पूर्वमन्त्री प्रदीप पौडेलले पार्टीको १५औं महाधिवेशन महामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । बिहीबार सञ्चारकर्मीसँग भेटघाटमा उनले पार्टीको १४औं महाधिवेशनमा आफूले महामन्त्रीमा प्रतिष्पर्धा गरेको भए पनि सफलता प्राप्त नभएको अवगत गराउँदै १५औं महाधिवेशनमा महामन्त्रीमै प्रतिस्पर्धा गर्ने औपचारिक घोषणा गरेका हुन् ।

आफू पार्टीभित्र कुन समूहबाट उम्मेदवार बन्ने भन्नेमा अहिले निश्चित नभएको बताए । पार्टीभित्र कुन समूहबाट उम्मेदवार दिन लागेको भन्ने जिज्ञासामा उनले भने 'महामन्त्रीको उम्मेदवार सभापतिसहितको समूहबाट हुने पार्टीमा अभ्यास छ, अहिले यही समूह भन्ने निश्चित त भइसकेको छैन, तर मुलुकको वर्तमान परिस्थिति र जनताको भावनाअनुसार पार्टीमा नयाँपन दिनसक्ने सक्षम नेतृत्वसहितको समूह हुन्छ ।' पार्टीको १५औं महाधिवेशन सम्पन्न गरेर मात्र कांग्रेस नयाँ नेतृत्वका साथ आगामी फागुन २१ गते हुने आमनिर्वाचनमा जानुपर्ने बताएका नेता पौडेलले महाधिवेशनबाट नयाँ नेतृत्व, 'जेन-जी' आन्दोलनको भावनाअनुसारको नीति र पार्टीलाई चलायमान बनाई पार्टी निर्वाचनमा होमिनुपर्नेमा जोड दिए । आमनिर्वाचनले नै मुलुकको अहिलेको राजनीतिको दीर्घकालीन समाधान गर्ने भन्दै उनले निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले चुस्त सुरक्षाको व्यवस्था र आवश्यक अन्य काम गर्नुपर्ने उनको भनाइ थियो । कांग्रेसले यही पुस २६ देखि २९ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय गरे पनि अहिले सो मितिमा महाधिवेशनको कार्यतालिका प्रभावित भएसँगै मिति केही पर धकेलिने देखिएको छ । सोही प्रसंगमा नेता पौडेलले पार्टीका आठ तहका निर्वाचनमध्ये हाललाई तीन तहका निर्वाचन सम्पन्न गरेर भएपनि १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने सुझाव दिँदै महाधिवेशनको अहिलेको तालिका अलि व्यवहारिक नभएको बताए । आगामी फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनअघि नै महाधिवेशन सम्पन्न गर्नुपर्नेमा उनको जोड थियो ।

यसैबीच, कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठक शुक्रबार दिउँसो १ बजे बस्ने पार्टी मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । बुधबारदेखि सुरु भएको कार्यसम्पादन समितिको बिहीबारको बैठकमा उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्रीहरू फरमूल्लाह मन्सुर, उमाकान्त चौधरी, महालक्ष्मी उपाध्याय 'डिना', भीष्मराज आङ्दम्बे र महेन्द्र यादव, कोषाध्यक्ष उमेश श्रेष्ठ तथा सदस्यहरू विमलेन्द्र निधि, विजयकुमार गच्छदार, अर्जुननरसिंह केसी, प्रवक्ता डा प्रकाशशरण महत, बलबहादुर केसी र ज्ञानेन्द्रबहादुर कार्कीले आ-आफ्नो धारणा राखेका थिए । उक्त बैठकपछि महान्त्री शर्माले अबको १६ दिनमा क्रियाशील सदस्यताको काम सक्नुपर्ने अवस्था रहेको बताउँदै क्रियाशील सदस्यताको काम सकेर वडा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन गरेर सिधै केन्द्रीय महाधिवेशन गरौं भन्ने प्रस्ताव गरेका थिए । नेपाली कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक बिहीबार कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा केन्द्रीय कार्यालय सानेपामा बसेको थियो ।

# कोदो र मकै फल्ने बारीभरि लटरम्म सुन्तला

**काठमाडौं ।** पछिल्ला समय बसाइँसराइले रित्तिँदै गरेका बागलुङका गाउँहरूमा यतिबेला कोदो र मकै फल्ने बारीमा लटरम्म सुन्तला फलाएर लाखौंको आम्दानी गरेका छन् ।

जिल्लास्थित किमबोटबाट बसाइँ सर्नेमध्येका लोकनाथ कँडेल १३ वर्ष अगाडि सुबिधा खोज्दै बागलुङ बजार झरे पनि गाउँका जग्गामा भने सुन्तला खेती लगाएका छन् । बजारमा झरे पनि किमबोटको आफ्नो जमिनमा ३२० बोट सुन्तला लगाएका छन् । तीन दशकभन्दा अगाडि २०४७ मा ३५ हजार लगानी गरेर सुन्तलाखेती सुरु गरेको कँडेलले अहिले त्यसैबाट लाखौं आम्दानी गरिरहेका छन् । उनीजस्तै अर्का किसान कासीराम कँडेलले जिल्लाकै बिहुँ क्षेत्रमा २०४७ सालमै सुन्तलाखेती सुरु गरेका हुन् । गाउँको माया र सुन्तला खेतीप्रतिको मोहले गर्दा बागलुङ छोडेर टाढा बसाइँ नसरेको कँडेल बताए । वरपरका छिमेकीले धमाधम गाउँ छोडेपछि आफूले पनि परिवार लिएर बागलुङ बजार आएको उनको भनाइ थियो । बिरामी पर्दा नजिक उपचार गर्न आशले मात्रै आफू बजार झरेको कँडेलले सुनाए ।

आफू बजारमा बस्ने भए पनि मन चाहिँ गाउँमै रहेको जानकारी दिँदै उनले सुन्तलामा चोर लाग्ने डर समेत रहेकाले मन गाउँमै पुग्ने गरेको बताए । विगतमा कोदो र मकै उत्पादन गरी जीविकोपार्जन मात्रै चलाउँदै आएको स्मरण गर्दै कँडेलले सुन्तला खेतीबाट जीवनस्तर नै परिवर्तन भएको जानकारी दिए । यतिबेला उनको बारी लटरम्म फलेका सुन्तला बिक्रीबाट आम्दानीले छोराहरूलाई पढाएको समेत बताए । सुन्तलाखेती गर्न थालेपछि कुनै पनि जग्गा बाँझो राख्न नपरेको कँडेलले बताए । बसाइँसराइ गरेर तराई झरेकाहरूले पनि सुन्तलाको मायाले जग्गा जमिन नबेचेको समेत उनले सुनाए । पछिल्लो समय बजारको समेत समस्या नभएको व्यापारीहरू बगानमै आएर किन्ने गरेकाले उचित मूल्य पाउने गरेको बताए ।

बागलुङ जिल्लामै सबैभन्दा धेरै सुन्तला उत्पादन गर्ने किसानमा चिनिएका कँडेलले यस वर्ष १५ लाख रूपैयाँ भित्र्याएका छन् । अहिले किमबोट गाउँमा सुन्तलाखेती नगर्ने कोही पनि नभएको कँडेलले बताए ।

# तराईमा हुस्सु र शीतलहर, हिमालमा हिउँ र पहाडमा कुहिरो

**काठमाडौं ।** तराई-मधेशमा हुस्सु र शीतलहर, हिमालमा हिउँ तथा पहाडा कुहिरोले जनजीवन प्रभावित बनेको छ । पछिल्लो समय देशभर पश्चिमी वायुको आंशिक प्रभावले देशभर आंशिक बदली रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको हो ।

देशका तराई भू-भागमा तापक्रम घट्ने तथा हुस्सु/कुहिरोको प्रभावले बिहानको समयमा दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातमा आंशिक प्रभाव पर्नसक्ने देखिएको महाशाखाले उल्लेख गरेको छ । मौसमविद विनोद पोखरेलका अनुसार तत्काल वर्षाको सम्भावना नरहेको जानकारी दिए । पछिल्लो समय भित्रिएको पश्चिमी वायुले तराईमा लागेको हुस्सु हटाउन भने मद्दत गरेको छ । 'पश्चिमी वायुले वर्षा गराउन सकेन बरु बादल हेरेर चित्त बुझाउन पर्‍यो । यो बादलले तराईमा लागेको हुस्सु हटाउन भने मद्दत गर्‍यो' भन्दै उनले यो हप्तालाई वर्षाको सम्भावना नरहे पनि अर्को हप्ता हिमाली भेगमा थोरै हिमपातको सम्भावना रहेको जानकारी दिए ।

शीतलहरका कारण सिरहाका जनजीवन प्रभावित बनेको छ । चिसो हावाका कारण बुधबार जिल्लाका लहान बजारसहित ग्रामीण क्षेत्रको दैनिक जनजीवन कष्टकर बनेको हो । शीतलहरका कारण जिल्लामा सबैभन्दा बढी बालबालिका, वृद्धवृद्धा तथा विपन्न समुदाय सबैभन्दा बढी प्रभावित बनेका छन् । स्थानीयवासी बिहानैदेखि घुर तापेर बस्न थालेका र विद्यालयमा विद्यार्थीको उपस्थिति समेत घट्दै जान थालेको छ । चिसोको प्रभाव बढेपछि लहान नगरपालिकाले बुधबार बिहानैदेखि बजार क्षेत्रका विभिन्न चोक-चोकमा दाउरा बाल्ने व्यवस्था सुरु गरेको छ । लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले ग्रामीण चोक, राधाकृष्ण चोक, गणेशचोक, हनुमानस्थान, हुलाक चोकलगायत स्थानमा दाउरा बाल्ने काम थालिएको जानकारी दिए ।

'बढ्दो चिसोबाट नगरवासीलाई जोगाउन तत्काल राहतका कार्यक्रम सुरु गरेका छौं । बजार क्षेत्रका प्रमुख चोकमा दाउरा बालिएको छ' नगरप्रमुख चौधरीले भने 'वडासँग समन्वय गरेर २४ वटै वडाका आवश्यक स्थानमा दाउरा वितरण गर्ने तयारी भइरहेको छ ।' उनका अनुसार गरिब तथा विपन्न समुदायलाई लक्षित गरी पाँच सय परिवारलाई फाइबरका सिरक वितरण गर्ने तयारी समेत गरिएको छ । चिसोबाट कसैको ज्यान जोखिममा नपरोस् भन्ने उद्देश्यले नगरपालिकाले आफ्नोतर्फबाट सक्दो पहल गरिरहेको उनले दावी गरे । मौसममा अचानक आएको परिवर्तन र निरन्तर चिसो हावाका कारण विद्यालयमा विद्यार्थीको उपस्थिति घटेको माध्यामिक विद्यालय पडरिया थारु टोलका प्रधानाध्यापक मनोज यादवले जानकारी दिए । विशेषगरी विपन्न परिवारका बालबालिकासँग न्यायो कपडाको अभावमा अत्यधिक चिसोका कारण नियमित विद्यालय जान नसक्ने अवस्था सिर्जना भएको छ ।

चिसोको प्रभाव बढेपछि जिल्ला विपद व्यवस्थापन समिति सिरहाको बैठक बस्ने तयारी भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए । प्रजिअ बरालले जिल्लाका १७ वटै स्थानीय तहका प्रमुखसँग छलफल भइरहेको र छिट्टै बैठक बसेर दाउरा उपलब्ध गराउने, न्यानो कपडा वितरण गर्नेलगायत आवश्यक निर्णय गरी कार्यान्वयन गरिने जानकारी दिए । निरन्तरको शीतलहरले जनजीवन प्रभावित भइरहँदा सरकारी निकाय तथा स्थानीय तहले सक्रियता बढाएका छन् । चिसो अत्यधिक बढेपछि सप्तरी जिल्लास्थित बोदे बर्साइन नगरपालिकाले बुधबारदेखि नगरक्षेत्रका सम्पूर्ण विद्यालयलाई चार दिनका लागि बिदा गरिएको छ । नगरपालिकाका प्रमुख आतेशसिंह यादवका अनुसार नगरपालिकाअन्तर्गतका सबै विद्यालय पुस १३ गतेसम्मका लागि बन्द रहने छ ।

शीतलहरका कारण तराई क्षेत्रमा विगत केही दिनदेखि बढेको अत्यधिक जाडोका कारण जनजीवन प्रभावित हुँदा बालबालिकालाई विद्यालय आउजाउ गर्न असहज हुने भएकाले बिदा दिइएको सूचनामार्फत जानकारी दिइएको छ । शीतलहर र चिसोका कारण सप्तरीसहित तराई-मधेसको जनजीवन कष्टकर बनेको छ । जल तथा मौसम विभागले तराईमा लागेको बाक्लो हुस्सु र कुहिरो अझै केही दिन कायम रहने भएकाले सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ । विभागले जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातमा प्रभाव पार्नसक्ने जनाएको छ । विभागका मौसमविद हरिप्रसाद दाहालले मंगलबार तराईका धेरै स्थानमा हुस्सु/कुहिरो लागेको जानकारी दिए । विभागले मंगरबारदेखि तीन दिनसम्म उल्लेख्य सुधार हुने सम्भावना नरहेकाले दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातलगायत क्षेत्रमा प्रभाव पर्ने देखिएकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।

मंगलबार बिहान काठमाडौंको तापक्रम यो वर्षकै सबैभन्दा कम रेकर्ड भई ४.९ डिग्रीमा झरेको र पानी पर्ने प्रणाली विकसित नभए पनि पश्चिमी वायु सक्रिय हुन नसक्दा हुस्सु र कुहिरो थप बढेको छ । विभागले मंगलबार साँझ जारी गरेको बुलेटिनमा कोशीका तराई भू-भागमा बुधबार मध्याह्नसम्म बाँकी भू-भागमा दिनभर नै हुस्सु र कुहिरो लाग्ने जानकारी दिइएको थियो । पुस लागेयता ह्वात्तै बढेको चिसोले महोत्तरीका गरिब बस्तीको जनजीवन बढी प्रभावित बनेको छ । महोत्तरीको दक्षिणी क्षेत्रमा बिहानैदेखि मध्याह्नसम्म बाक्लो हुस्सुले ढाकेर चिसो बतास चल्न थालेसँगै गरिब बस्तीको विजोग सुरु भएको छ । जिल्लाका मटिहानी-८ का स्थानीय इसराफूल राइनले बाक्लो हुस्सुले ढाक्नाले लगातारको चिसो बतासले काममा निस्कन नसकेको बताए ।

पुस लागेसँगै महोत्तरीको दक्षिणी क्षेत्रमा हुस्सु तथा सुदूर उत्तरी क्षेत्रमा यो क्रम बढेको हो । जिल्लाका बर्दिवास, गौशाला, औरही र भंगाहा नगरपालिका क्षेत्रमा गत शुक्रबारदेखि एक्कासी डम्म हुस्सुले ढाकेर चिसो निक्कै बढेको हो । अत्यधिक चिसो बढेपछि अहिले मुसहर, डोम, हलखोर, मेस्तरसहितका अति पिछडिएका गरिब जाति समुदायका बस्तीमा सडकमा फालिएका भुत्रा लुगा, प्लास्टिक र फित्राफित्री बालिने 'घुर' मात्र सहारा बनेको छ । बिहानीपख लाग्ने हुस्सुले सडक तथा हवाई यातायात सेवा प्रभावित हुन थालेका छन् । जनकपुर विमानस्थलका अनुसार मध्याह्नसम्म हुस्सु राम्ररी फाट्न नसक्दा विमान अवतरणमा समस्या हुने र बिहानी सेवा रोकिने गरेको छ । बिहानको समयका लाग्ने बाक्लो हुस्सुसँगैको चिसो हावाले सार्वजनिक सडक यातायातका साधनलाई पनि हुस्सु छिचोल्न नसक्दा ठाउँठाउँमा रोकिनु परेको चालकहरू बताउँछन् । बिहान-बेलुका बहने चिसो हावाका कारण निकै छिप्पिएपछि खेतीपाती र बन्दव्यापार समेत ठप्प भएको छ ।

मध्याह्नपछि मधुरो झल्याकझुलु घाम लाग्ने भएपनि लगातार चिसो सिरेटो चल्नाले दैनिक कामकाजका लागि घरबाहिर निस्कँन समेत ज्यादै कठिन हुने गरेको छ । यसरी मानिसहरू बाहिर निस्कँने नसक्दा बजारको चहलपहल समेत देखिन छाडेको गौशाला बजारका व्यापारीले जानकारी दिए । चिसो ह्वात्तै बढेपछि दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउने श्रमिक बिहान काममा जान पातलिएको छ । मुटु कमाउने जाडोका कारण काममा निस्कन नसक्दा औरही-७ का ६० वर्षीय घुरन सदाले बताए । चिसो ह्वात्तै बढेपछि वृद्धवृद्धा, सुत्केरी र स-साना नानीहरूको स्याहार, सम्भार कठिन भएको छ भने घरमा पोषणयुक्त ताजा खान, न्यानो कपडा र घर वरपर सरसफाइको कमीले पराले झुप्राका बस्तीहरू बढी नै प्रभावित बनेका छन् ।

जाडो बढेपछि महोत्तरीका स्वास्थ्य संस्थाले धमाधम सूचना प्रसारण गरेर चिसोमा आफ्नो घरपरिवारको स्याहार, सम्भारमा ध्यान दिन आग्रह गरेका छन् । स्वास्थ्य संस्थाले आफ्नो वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन र न्यानो ठाउँमा बस्न तथा घर वरपर सरसफाइ ध्यान दिन सूचनामा भनिएको छ । स्वास्थ्य कार्यालयले फोहर कपडा, मिल्किएका कसिंगर, भुत्रा प्लास्टिक र चिसो झ्यास सल्काएर आगो नबाल्न आग्रह गरेको छ । त्यसरी बालिने आगोबाट निस्कने धुवाँले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख नवलकिशोर साहले बताए । जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्णले बढ्दो चिसोको प्रभावबाट जोगिन समयमै गरिने पूर्वतयारीले क्षति रोक्न सकिने बताए । उनले यसको पहलकदमी स्थानीय तह र जिल्लास्थित विपद व्यवस्थापन समितिले थाल्नुपर्ने बताए ।

केही दिनदेखि बढेको चिसोले हिमाली जिल्ला ताप्लेजुङका स्थानीय बस्ती छोडेर अन्यत्र जान थालेपछि हिमाली बस्तीहरू खाली भएका छन् । जिल्लाको मिक्वाखोला गाउँपालिका-५, तोक्पेगोला र लोदेनको माथिल्लो भेगमा बसोबास गर्ने सर्वसाधारण अहिले तलका (औलतिर)का बस्तीमा झरेका छन् । जाडो बढेसँगै पशुचौपायासहित जिल्लाका स्थानीयहरू औलतर्फ झर्ने गरेका तोक्पेगोलाका मिलनदोर्जी शेर्पाले जानकारी दिए । 'हिउँदको समयमा जाडो छल्नकै लागि अन्यत्र जाने गरिन्छ, पशुपालक र व्यवसायमा लागेका मानिस तल्लो क्षेत्रमा रहेका घर, खर्कमा गएर बस्छन् । कतिपय अन्यत्र घुमघाम र भेटघाटमा जान्छन् ।'

अहिले घुन्सा, फलेलगायत माथिल्लो भेगमा बसोबास गर्ने र पशुपालन गर्ने मानिसहरू औलतर्फ झरेका बताउँदै उनले सो क्षेत्रमा करिब ४०-४५ परिवार बसोबास गर्ने जानकारी दिए । स्थानीय छेतेन डण्डु शेर्पाका अनुसार पर्यटन व्यवसायमा संलग्न नभएका अधिकांश मानिस जाडो छल्न अन्यत्र गएका छन् । वर्षाका समयमा खेतीपातीमा व्यस्त हुने मानिसहरू पुस र माघमा बढी जाडो हुने भएकाले काठमाडौं, सिक्किम, दार्जेलिङलगायत ठाउँमा जान्छन् वा अन्य घरमा बस्छन् । घुन्सामा आधाजसो पर्यटन व्यवसायमा संलग्न भने घरैमा बसेका उनको भनाइ छ । धेरैजसोका छोराछोरी पढ्न सहरतिर गएकाले यो समयलाई छोराछोरी र आफन्त भेट्ने अवसरका रूपमा लिने गरेका छन् ।

उता, केही दिनदेखि चलेको बाक्लो हुस्सु र शीतलहरका कारण कञ्चनपुरका जनजीवन समेत अत्यन्तै कष्टकर बनेको छ । अत्यधिक चिसो कारण जिल्लाका स्थानीय तहहरूले विद्यालय बन्द गर्नुका साथै नागरिकलाई सुरक्षित रहन आग्रह गरिएको छ । जिल्लास्थित कृष्णपुर र शुक्लाफाँटा नगरपालिकाले बालबालिकालाई पठनपाठनमा कठिनाइ भएपछि विद्यालयमा बिदा दिएका छन् । श्रीकृष्ण माध्यमिक विद्यालय झलारीका शिक्षक ईश्वरी भट्टका अनुसार अत्यधिक चिसोका कारण विद्यालयमा आगो बालेर पठनपाठन गराउनुपर्ने बाध्यता रहेको र स-साना बालबालिकामा रुघाखोकी र कठ्याङ्ग्रिने समस्या बढी देखिएपछि नगरपालिकाले तीन दिन बिदा दिएको छ । हुस्सु र शीतलहरका कारण जनजीवन प्रभावित भएपछि जनप्रतिनिधिले पनि सुरक्षा सतर्कताका लागि सक्रियता देखाएका कृष्णपुर नगरपालिका-६ का वडाध्यक्ष बाबुराम चौधरीले बिहान र साँझको समयमा चिसो अत्यधिक हुने भएकाले विशेष सावधानी अपनाउन नगरवासीलाई अनुरोध गरेको छ । चिसोबाट बालबालिका, सुत्केरी, दीर्घरोगी र ज्येष्ठ नागरिक बढी नै प्रभावित हुने गरेकाले स्वास्थ्यको विशेष ख्याल राख्न आह्वान गरिएको छ ।

'चिसो र शीतलहरले दैनिक कार्यमा कठिनाइ हुनुका साथै स्वास्थ्य जोखिम बढाएको छ' अध्यक्ष रानाले भने 'यस्तो कठिन अवस्थामा आफू पनि सुरक्षित रहौं र अरुलाई पनि सुरक्षित पारौं ।' पुस लागेसँगै तराई-मधेश, हिमाल, पहाडसहित देशभरका विभिन्न जिल्लामा हुस्सु, कुहिरो र शीतलहरले मुटु काँप्ने जाडोले सर्वसाधारणलाई सताएको छ । विगत एक सातादेखि बर्दियामा बाक्लो हुस्सु लाग्दा सर्वसाधारणलाई चिसो थुरथुर कमाउने गरेको छ ।

बाक्लो हुस्सुका कारण तराईका जिल्लामा हवाई सेवा प्रभावित बनेको छ । मौसम नखुलेपछि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान/अवतरण हुन सकेको छैन । बिहान न्यून भिजिबिलिटी हुने गरेको र दिउँसो केही सुधार भएमात्र जहाज अवतरण हुने गरेका छन् ।

गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलका सूचनाअधिकारी बिनोदसिंह रावतका अनुसार भैरहवाबाट उडान भर्न कम्तीमा १ हजार मिटर भिजिबिलिटी जरुरी पर्छ । अवतरण हुन १ हजार ८ मिटर भिजिबिलिटी आवश्यक हुन्छ । मौसम प्रतिकुल हुँदा बाँकेको नेपालगन्जस्थित विमानस्थलबाट पहाडी जिल्लामा हुने उडान प्रभावित बनेको छ । नेपालगन्जबाट दैनिक जुम्ला, हुम्ला, डोल्पा, मुगु, बाजुरा र बझाङ तथा काठमाडौं र पोखराका लागि उडान हुने गरेका छन् ।

# तोकिएकै मितिमा निर्वाचन हुने वातावरण बनेको छ : नेता शर्मा

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता दिनानाथ शर्माले फागुन २१ का लागि घोषणा भएको निर्वाचन तोकिएकै मितिमा हुने राजनीतिक वातावरण बन्दै गएको बताएका छन् ।

नेकपा म्याग्दीको बनेमा बसेको बैठकलाई सम्बोधन गर्दै नेता शर्माले विगतमा भएका राजनीतिक उपलब्धी, संविधान तथा व्यवस्था बचाउँदै 'जेन-जी' पुस्ताको आन्दोलनको मर्म र भावना अनुसार देशलाई राजनीतिक निकास दिन चुनावको विकल्प नभएको बताएका हुन् । नेता शर्माले राजनीतिक परिवर्तनको अगुवाई गरेको नेपाली कम्युनिस्ट पार्टीले शुसासनको जगमा देशमा राजनीतिक स्थिरता कायम गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी, भ्रष्टाचारको छानविनका लागि शक्तिशाली आयोग गठन, संवैधानिक निकायलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउन योग्यता र क्षमताको आधारमा अवसर दिने प्रणाली विकास गराउने मुद्धा लिएर चुनावमा जाने दावी गरे ।

बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्ष र समानुपातिकतर्फ उमेदवारको नाम शिफारिस गरेको छ । प्रत्यक्षतर्फ अर्जुनबहादुर थापा, कृष्णकुमार विश्वकर्मा, गमबहादुर श्रीसमगर, टेकबहादुर विक र दुर्गा कार्कीको नाम सिफारिस गरिएको नेता रेशम जुगजालीले जानकारी दिए । समानुपातिकतर्फ गोविन्द पौडेल, चन्द्रबहादुर घिमिरे, पुनम खड्का, मिना विक, दिलु बुढ्जा र लालबहादुर चर्माकारको नाम सिफारिस भएको छ भने बुढ्जा यौनिक अल्पसंख्यक समुदायका सिफारिस भएका छन् ।

# विश्वप्रकाश सिफारिसमा परे, तर चुनाव नलड्ने

**काठमाडौं ।** नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा चुनावमा आफ्नो नाम सिफारिस भए पनि आफू नलड्ने दावी गरेका छन् । पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा बोल्दै शर्माले उम्मेदवारी नदिने ठोकुवा गरेका हुन् ।

'हिजो पुस ९ गते झापा थिएँ, उम्मेदवार बन्ने हो दाबी गरेर अगाडि आउनुस् भनेर साथीहरूलाई क्षेत्रीय भेलामा भनेको छु' उनको भनाइ थियो । गत वर्ष पुस २१ मा मेचीनगर झापाको धुलाबारीस्थित अतिथि सदनमा पनि त्यही कुराको घोषणा गरेको स्मरण गराएका थिए । 'आगामी चुनावमा उम्मेदवार बन्न इच्छुक साथीहरूले गाउँमै मेहनत गर्नोस्' उनले भने 'म २०८४ मा उम्मेदवार बन्न इच्छुक छैन । तर पनि सर्वसम्मत सिफारिस भएकोमा झापा-१ का साथीहरूलाई धन्यवाद दिन्छु ।' आफ्नै पावरले भ्याए उम्मेदवार बन्ने, हार्दा पनि आफ्नो क्षेत्र नछाड्ने र एउटा क्षेत्रमा हारे अर्को क्षेत्रमा वा एउटा तहमा हारे अर्को तहमा उम्मेदवार बन्नैपर्ने एवं बाँचुन्जेल क्षेत्र कब्जा गर्ने सोच राख्न नहुने उनको भनाइ थियो ।

सासले भ्याएसम्म मन्त्री रहिरहनु पर्ने राजनीतिक प्रवृत्ति भत्काउन जरुरी रहेको चर्चा गर्दै शर्माले आफू तीन पटक उम्मेदवार भइसकेको अब उम्मेदवार नहुने दावी गरे । आगामी चुनावमा अनुहार बदलेर जानुपर्ने शर्माको भनाइ थियो ।

# कर्णाली प्रदेशमा आकांक्षीको लर्को, दल नेता छान्न नेकपामा सकस

**काठमाडौं ।** कर्णाली प्रदेशमा दल नेताका आकांक्षीहरूको लर्को लागेपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लाई नेता चुन्न समस्या सिर्जना भएको छ । मंसिर १७ मा बसेको संयुक्त बैठकमार्फत साविकको एकीकृत समाजवादी र माओवादी केन्द्र नेपाली कम्युनिस्ट पार्टीमा रूपान्तरण भएका थिए ।

उक्त बैठकले मंसिरभित्रै दलको नेतालगायत पदाधिकारी चयन गर्ने निर्णय गरेको थियो । नेकपाले पदाधिकारी चयन नहुँदासम्मका लागि आवश्यक समन्वयन र दलको काम कारबाही सञ्चालन गर्ने जिम्मेवारी साबिक माओवादीका प्रमुख सचेतक कृष्णबहादुर जिसीलाई दिइएको थियो । नवगठित पार्टी नेकपाको विषय प्रदेशसभा सचिवालयमा समेत दर्ता भइसकेको अवस्थामा प्रदेश सभाले एकीकृत दलको विवरण अभिलेखमा राखिसकेको अवस्थामा पदाधिकारी चयनमा भने विलम्ब भएको हो । मंसिरभित्रै पदाधिकारी चयन गरिसक्ने भने पनि अहिलेसम्म न औपचारिक छलफल भएको छ नत बैठक नै बस्न सकेको छ । गत मंसिर २७ मा एकता सभालाई सम्बोधन गर्न आएका नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सह-संयोजक माधव नेपालसहितको उपस्थितिमा नेकपा कर्णाली प्रदेशसभा संसदीय दलको बैठक सबेको थियो ।

संयोजक दाहालमा त्यही बैठकमा दलको नेता चयन संसदीय दलकै छलफलबाट टुंगो लगाउनुपर्ने सुझाव दिएका थिए । 'दलले तल्लो तहबाट जे निष्कर्ष निकाल्छ, त्यसैका आधारमा केन्द्रले धारणा बनाउने हो, माथिबाट छुट्टै लाद्ने वा अलग धारणा बनाउने भन्ने हुँदैन' संयोजक दाहालले भने । दलका नेताका एक आकांक्षीले बरु प्रदेशमै गहन छलफल गर्ने, सहमति नभए लोकतान्त्रिक विधि अर्थात चुनावकै माध्यमबाट जानुपर्नेमा जोड दिए । ती आकांक्षीले भने 'हामीबिचमै व्यापक छलफल र उच्च सहमति गरेर दलको नेता चयन हुनुपर्छ भन्ने हाम्रो जोड छ ।' दलको नेताबारे औपचारिक रूपमा नभइ सामान्य छलफल भएको जानकारी दिँदै एक सांसदले दलको नेतामा धेरैको आकांक्षा भएकाले मिलाउन सकस नै रहेको बताए ।

यसखघि माओवादी संसदीय दलका नेता रहेका राजकुमार शर्माले पदबाट राजीनामा दिँदै जनार्दन शर्मा नेतृत्वको 'प्रगतिशील लोकतान्त्रिक पार्टी'मा आबद्धता जनाइसकेका छन् । विशेषगरी पूर्व माओवादी केन्द्रका तर्फका सांसदहरु विन्दमान विष्ट, मंगलबहादुर शाही, कृष्णबहादुर जिसी, दुर्ग रावत, महेन्द्र केसी र मीमप्रकाश शर्मालाई प्रमुख दाबेदारका रूपमा हेरिएको छ । पार्टीका उच्च तहका नेताहरूसम्म दलका नेता हत्याउन विभिन्न माध्यमबाट 'लबिङ' समेत सुरु गरेका छन् । कर्णालीमा साबिक समाजवादीको एउटा मात्रै सांसद भएकाले सचेतकसम्मको जिम्मेवारी पाउनसक्ने सम्भावना रहेको स्रोतले खुलाएको छ ।

यतिबेला नवगठित नेकपा कर्णाली प्रदेश दल नेताका लागि सांसदहरूबीच रस्साकस्सीकै अवस्था छ । उक्त विषयमा समन्वयको जिम्मेवारी पाएका कृष्णबहादुर जिसीले अन्य प्रदेशमा तथा प्रदेश कमिटीहरू पनि एकीकृत गर्ने काम बाँकी रहेको अवस्था र नेताहरू कार्यक्रमहरूमा व्यस्त रहेकाले संसदीय दलको नेता चयनबारे छलफल अघि नबढेको दावी गरे ।

# गण्डकीका दुई क्षेत्रबाट प्रचण्डकै नाम सिफारिस

**काठमाडौं ।** नवगठित नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को नाम गण्डकी प्रदेशका कास्की र पोखरा दुई क्षेत्रबाट सिफारिस भएको छ ।

आगामी फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि दाहालकै जन्मथलो कास्कीसँगै गोरखा दुई क्षेत्रबाट प्रत्यक्षतर्फ सिफारिस भएका हुन् । कास्की क्षेत्र नम्बर ३ मा पर्ने अन्नपूर्ण गाउँपालिकाको लेवाडेमा जन्मिएका प्रचण्डको नाम कास्की-३ बाट सिफारिस भएको हो । बिहीबार बसेको बैठकले उनको नाम एक नम्बरमा राखेर पठाउने निर्णय गरेको नेता भानुभक्त अधिकारीले जानकारी दिए । उम्मेदवार चयनका लागि पार्टीले दिएको निर्देशन अनुसार एक 'जेन-जी' र महिलासहित पाँच जनाको नाम सिफारिस गर्नुपर्ने व्यवस्था रहेकामा बैठकले प्रचण्डबाहेक अन्य आकांक्षीको नाममा सहमति हुन नसक्दा प्रचण्डकी बुहारी सृजना त्रिपाठीसहित १५ जनाको नाम पठाउने निर्णय गरेको अधिकारीले जानकारी दिए ।

अन्य आकांक्षीहरूमा रामजी बराल 'जीवन', दुर्गा विक, कृष्ण नेपाली, भानुभक्त अधिकारी, भीम क्षितिज, बलराम सुवेदी, रत्नकुमारी गुरुङ, गोविन्दप्रसाद अधिकारी, भोजराज पौडेल, प्रेम पौडेल, गणेश आचार्य, शरणसिंह विश्वकर्मा, सुमन ढुंगाना एवं प्रसन्न अधिकारी रहेका छन् ।

उता गोरखा क्षेत्र नम्बर १ को बिहीबार बसेको पार्टीको बैठकले प्रचण्डसहित पाँचजनाको नाम सिफारिस गरेको छ । प्रचण्डसँगै हरिराज अधिकारी, शोभा लामिछाने, जगन्नाथ खनाल र सागर श्रेष्ठको नाम सिफारिस बैठकले गरेको हो । गोरखा-२ बाट नारायणकाजी श्रेष्ठ, लेखनाथ न्यौपाने, हितराज पाण्डे, सानुमाया बस्नेत र अनिष अर्यालको नाम सिफारिस भएको छ । कास्कीमा जन्मपछि चितवन बसाइँसराइ गरेका प्रचण्ड यसअघि २०६४ मा काठमाडौं-१० र रोल्पा-२ बाट विजयी, २०७० मा सिराहा-५ बाट विजयी, २०७४ मा चितवन-३ र २०७९ मा सम्पन्न निर्वाचनमा गोरखा-२ बाट विजयी भएका थिए ।

# दलका क्षतिग्रस्त कार्यालयमा मन्त्रीहरूको अवलोकन

**काठमाडौं ।** सरकारका मन्त्रीहरूले गत भदौमा 'जेन-जी' प्रदर्शनका क्रममा क्षति पुऱ्याइएका प्रमुख राजनीतिक दलको कार्यालयको अवलोकन थालेका छन् । मन्त्रीहरूले क्षतिग्रस्त दलका कार्यालयमा पुगेर संवाद गरी राजनीतिक दलहरूले उठाइएका विषय सरकार समक्ष पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले प्रमुख दलका मागका विषयमा सरकार गम्भीर रहेको बताए । उनीहरूले सानेपास्थित नेपाली कांग्रेस, ललितपुरको च्यासलमा रहेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) तथा पेरिसडाँडास्थित नेपाली कम्युनिस्ट पार्टीको कार्यालयमा पुगेर त्यहाँ भएका क्षतिको विवरण लिनुका साथै दलका प्रतिनिधिसँग छलफल गरेका थिए ।

नेकपा कार्यालय पेरिसडाँडामा भएको छलफलपछि मन्त्री सिन्हाले आन्दोलनका क्रममा भागेका अधिकांश कैदीबन्दी पक्राउ र लुटिएका धेरै हतियार बरामद भएकाले संगठित रूपमा अपराध हुनसक्ने कुनै सम्भावना नरहेको तथा निर्वाचनको वातावरण बन्दै गएको विश्वास दिलाए । मन्त्री सिन्हाले राजनीतिक संवादमार्फत निर्वाचनमा जानुको विकल्प नरहेको उल्लेख गर्दै लोकतन्त्र पुनर्स्थापित गरी संविधानको मर्म र भावना प्रतिनिधिसभाको निर्वाचन गरी अघि बढ्नुपर्ने आवश्यकता औंल्याएका थिए । 'आन्दोलनका क्रममा दलका भौतिक संरचना के-कति क्षति भए, कसरी पुनर्निर्माण भइरहेको छ त्यो हेर्न आएका हौं' भन्दै उनले दलका पदाधिकारीसँगको छलफलमा निर्वाचन सुरक्षाबारे विभिन्न प्रश्न उठेको भए पनि चुनावको विकल्प नभएको बताए ।

छलफलका क्रममा केही सुरक्षा र केही नेताहरूसँगको विषयको प्रश्न उठेको जानकारी दिँदै उनले प्रमुख दलहरूको सर्म्पक तल्लो तहसम्म भएकाले एक पटक चुनावी नारा तलसम्म पुऱ्याएर चुनावी वातावरण बनाउन अनुरोध गरिएको जानकारी दिए । सरकारले मन्त्री सिन्हाको संयोजकत्वमा गठित राजनीतिक वार्ता समितिले निर्वाचन आयोगको तयारी सम्बन्धमा मुख्य दलकै कार्यलयमा पुगेर छलफल गर्ने निर्णय अनुसार नै आफूहरू त्यहाँ पुगेको मन्त्री सिन्हाले जानकारी दिए । 'भदौ २३ र २४ को घटना दुर्भाग्यपूर्ण छ, यो अवस्था आउनुमा धेरै आयम छन् । धेरै जनधनको क्षति भयो, यो अस्वभाविक छ । संविधानभन्दा बाहिर गएर काम गर्न सक्दैनौं' मन्त्री सिन्हाले भने 'चुनावमा जाऔं ।'

सरकारका प्रवक्ता समेत रहेका सञ्चारमन्त्री खरेलले सरकार इमानदारीका साथ निर्वाचन गराउन खोजिरहेको छ भन्ने स्पष्ट सन्देश प्रवाह गर्न आफूहरू राजनीतिक दलका कार्यालयमै पुगेर संवाद गरेका जानकारी दिँदै भने 'निर्वाचनका लागि यो राजनीतिक दललाई सकारात्मक दबाब हो, हामी चुनाव चाहन्छौं, चुनावको तयारी यो गरेका छौं भन्ने स्पष्ट सन्देश हो ।' सरकारले पहिलो पटक राजनीतिक दलहरूलाई निर्वाचनमा भाग लिनुहोस् भनेर उनीहरूको कार्यालयमा पुगेको भन्दै सञ्चारमन्त्री खरेलले यसबाट सरकार निर्वाचन गराउन प्रतिबद्ध छ भन्ने स्पष्ट सन्देश दिएको बताए । नेकपाको कार्यालय अवलोकनका क्रममा उक्त पार्टीका संयोजकले पदाधिकारीका तर्फबाट स्पष्ट कुरा आएको बताउँदै भने 'संसद पुनर्स्थापना गर्न हुँदैन, अब चुनावमै जानुपर्छ भन्नुभएको छ ।' त्यस क्रममा 'जेन-जी'ले उठाएका माग सम्बोधन हुनेगरी निर्वाचनमा जानुपर्ने धारणा राखेको मन्त्री खरेलले जानकारी दिए ।

मन्त्री खरेलले सरकार, राजनीतिक दल र जनता निर्वाचनको बाटोमा होमिनुपर्छ भन्नेमा सबै राजनीतिक दल निर्वाचनमा जानेमा सबै स्पष्ट रहेको आफूहरूले पाएको स्पष्ट पार्दै आफूहरूले पनि राजनीतिक दलका नेताहरूलाई सरकार निर्वाचन गराउन प्रतिबद्ध रहेको विश्वास दिलाएको जानकारी दिए । 'सरकारले निर्वाचनको वातावरण बनाउँछ, अब निर्धारित मितिमा चुनाव हुन्छ' मन्त्री खरेलले भने ।

# भतरपुर मेयर रेनु चितवन- ३ बाट सिफारिस

**काठमाडौं ।** फागुन २१ का लागि तोकिएको प्रतिनिधिसभा सदस्यमा भरतपुर महानगरपालिकामा दुई कार्यकाल उत्कृष्ट काम गरेर चर्चामा रहेकी नेपाली कम्युनिस्ट पार्टीकी युवा नेतृ रेणु दाहालको नाम सिफारिस भएको छ ।

आगामी संसदीय निर्वाचनमा चितवन क्षेत्र नम्बर ३ बाट भरतपुर महानगरपालिकाका मेयर दाहाललाई प्रतिनिधिसभा उम्मेदवारका रूपमा सर्वसम्मत सिफारिस गरिएको हो । पार्टीको क्षेत्र नम्बर ३ को बैठकले प्रमुख दाहालको नाम प्रत्यक्षतर्फ एकल रूपमा सिफारिस गर्ने निर्णय गरेको हो । बैठकले आगामी संसदीय निर्वाचनलाई दक्षित गर्दै दाहाललाई उम्मेदवार बनाउने निष्कर्ष निकालेको जनाइएको छ । पार्टीको निर्णयलाई कदर गर्दै जनताको विश्वास अनुसार चुनावी मैदानमा उत्रन तयार रहेको प्रमुख रेनुको प्रतिक्रिया थियो ।

भरतपुर महानगरमा राम्रो काम गरेबापद उत्कृष्ट मेयर बन्न सफल भएकी थिइन् । उनको कामको भरतपुरमा मात्रै नभएर देश विदेशमै प्रशंसा हुने गरेको छ ।




## निर्वाचन गराउनु...

पालनाका लागि पनि स्मरण गराए। दलहरूलाई निषेधको राजनीति नगरी सबैलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा निर्वाचन प्रचार-प्रसारको वातावरण सिर्जना गर्न उनको आग्रह थियो। 'निर्वाचनमा गौंडो बाटो छेक्ने काम कसैले गर्नुहुँदैन। मतदाताबीच मीठो मसिनो रूपमा प्रस्तुत हुनुहोला। निर्वाचन आयोग त रेफ्री मात्रै हो' उनले भने 'निर्वाचनका खेलाडी त राजनीतिक दलहरू नै हुन्।' कार्यक्रममा आयोगका आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा तथा सचिव कृष्णबहादुर राउत, प्रवक्ता नारायणप्रसाद भट्टराईलगायत उपस्थित कार्यक्रममा मंगलबार र बुधबार गरी सामानुपातिक प्रणालीतर्फ निर्वाचनमा भाग लिन निवेदन दिएका ९३ दलका दुई/दुई प्रतिनिधि सहभागी रहेका थिए। सहभागीलाई निर्धारित प्रतिशतमा समावेशीताका आधारमा उम्मेदवार सिफारिस गर्दा अपनाउनुपर्ने विधि र पद्धतिका सम्बन्धमा कानुन तथा तथ्यांकसम्बन्धी विज्ञले प्रशिक्षण दिएका थिए।

मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेपछि २०७८ सालको जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूचीको समावेशीता कायम गरी सूची पेस गर्नुपर्नेछ। प्रवक्ता भट्टराईले समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसंख्याका आधारमा उक्त प्रणालीका लागि आवेदन दिएका राजनीतिक दलले यही पुस १३ र १४ गते बिहान १० देखि अपराह्न ४ बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएकाले आयोग त्यसका लागि पूर्ण तयारीमा रहेको जानकारी दिए।

**सरकारको मुख्य कार्यभार निर्वाचन गराउनु हो : गृहमन्त्री**

यसैबीच, गृहमन्त्री ओमप्रकाश अर्यालले वर्तमान सरकारको मुख्य कार्यभार नै आगामी फागुन २१ मा तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउनु रहेको बताए। बुधबार सुर्खेतको वीरेन्द्रनगरमा गृहमन्त्रालय र कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयद्वारा आयोजित 'कर्णाली प्रदेशस्तरीय सुरक्षा गोष्ठी' को उद्घाटन कार्यक्रममा गृहमन्त्री अर्यालले फागुन २१ का लागि निर्वाचन सम्पन्न गर्नेगरी सरकार गृहकार्यमा लागेको बताएका हुन्।

'हाम्रो मूल रणनीति कुनै पनि अवस्थामा द्वन्द्व हुन नदिने हो। मुलुकको संकटपूर्ण अवस्थालाई सामान्यीकरण बनाउन शान्तिपूर्ण राजनीतिक वातावरणमा स्वच्छ र निर्भयपूर्ण प्रतिस्पर्धाका लागि निर्वाचनको तयारी गरिरहेका छौं' गृहमन्त्री अर्यालले भने 'संसद विगठन भएको ६ महिनाभित्र चुनाव हुनुपर्ने जनादेश भएकाले सुरक्षा चुनौतीलाई सुदृढ गर्दै निर्वाचन चुनाव सम्पन्न हुनेछ।'

'जेन-जी'का आन्दोलनका सहिद पहिचान गरी सबैको नामावली राजपत्रमा प्रकाशन गरिएको उल्लेख गर्दै उनले सहिद परिवारलाई राहत प्रदानमा सरकार केन्द्रित रहेको जानकारी दिए।समृद्धि, विकास र सुशासन कायमका लागि 'जेन-जी' पुस्तालाई राजनीतिको मूलधारमा ल्याउनुपर्ने धारणा व्यक्त गर्दै गृहमन्त्री अर्यालले 'जेन-जी' पुस्ता दल विशेषको नभई सबैका साझा जनशक्ति भएकाले यो पुस्ताको सिर्जनशीलता र प्रतिभालाई राष्ट्र विकासमा उपयोग गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश सरकार शान्ति सुरक्षा कायम गर्दै सुशासनमा केन्द्रित रहेको बताए। 'सुरक्षा निर्देशन दिन संघीय सरकारबाट आदेश लिनुपर्ने अवस्थाले पनि शान्ति सुरक्षामा प्रदेश सरकार सक्रिय रूपमा संलग्न हुन सकेको छैन' कँडेलको भनाइ थियो 'कर्णालीमा सुरक्षा जनशक्ति पनि दरबन्दी अनुसार छैन। यद्यपि, जनतालाई सुरक्षा प्रदान गर्न हामी प्रयासरत छौं।'

मुख्यमन्त्री कँडेलले प्रदशेका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई प्रशासक मात्र नभई सुशासनको पहरेदारका रूपमा काम गर्न निर्देशन दिए। उनले कर्णालीमा मनपरी भाडा असुली, असुरक्षित यात्रा, लागु पदार्थको प्रभाव र पछिल्लो समय दुर्व्यसनीको केन्द्रका रूपमा विकास भइरहेको अवस्थालाई गम्भीरताका साथ लिन र न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न संघीय सरकारसँग आग्रह गरे।

यसैगरी गृहसचिव रामेश्वर दंगालले गोष्ठीमा समग्र कर्णाली प्रदेशको सुरक्षा अवस्था, चुनौती र समाधानका लागि अवलम्बन गरिएका उपाय, व्यवस्थापनका बारेमा जानकारी दिइदिने जानकारी दिए।

गोष्ठीमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक टेकेन्द्र कार्की, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव वीरेन्द्रकुमार यादव, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, नेपाली सेनाका रथी गणेशकुमार श्रेष्ठ, गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्ले, दशवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरूको सहभागिता छ।

**राष्ट्रिय झण्डाको सम्मान गरौं !**

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरूपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिह्न राख्न।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## संविधानको अक्षर...

अधिकार हो। यसबाट उक्त निकायहरूलाई आआफ्नो जिम्मेवारी थप प्रभावकारी ढङ्गबाट निर्वाह गर्न सहयोगीसिद्ध हुने नै छ। तत्कालीन सङ्कटको परिस्थितिमा भएको घटना सम्बन्धमा तीन महिनापछिसम्म पनि बहस कायम रहनु तथा विविध कोणहरूबाट विश्लेषण हुनु सुरक्षा सचेतनाको परिप्रेक्षमा सकारात्मक नै हो। नेपाली सेनाको भूमिकामा विभिन्न दृष्टिकोणबाट टिकाटिप्पणी तथा प्रश्नहरू आए। देशमा आइपरेको अकल्पनीय सङ्कटको अवस्थालाई पार लगाउने क्रममा राज्यको प्रमुख सुरक्षा अङ्गले खेलेको भूमिकाको सम्बन्धमा भएका टिकाटिप्पणी बारेमा यहाँ थप स्पष्ट पारिएको छ।

**संवैधानिक दायरा र नागरिक सर्वोच्चता**

नेपालको संविधानले नेपाली सेनालाई पूर्णतः नागरिक सर्वोच्चता र निर्वाचित सरकारको अधिनमा राखेको छ। सेनाको परिचालन, भूमिका र सीमा स्पष्ट छन्। कार्यपालिकाको निर्णयबिना सेना आन्तरिक सुरक्षामा स्वतः प्रवेश गर्न सक्दैन। यही संवैधानिक मर्यादाले नेपाली सेनालाई आज पनि देशकै सबैभन्दा विश्वसनीय संस्था बनाएको हो। यो नेपाली सेनाको संविधान र लोकतान्त्रिक शासन प्रणालीप्रतिको सम्मान पनि हो। यदि सेनाले कार्यपालिकाको स्पष्ट आदेशबिना हस्तक्षेप गरेको भए र २४ गते थप नागरिकको मृत्यु भएको भए परिस्थिति सम्हालिन कठिन त हुने नै थियो। बिनाआदेश आफैं परिचालन भयो भनी त्यसको दोष पनि सेनामाथि नै पर्ने थियो।

गत भदौ २४ मा तत्कालीन अवस्थाले उच्च जोखिममा परेका विशिष्ट व्यक्तिहरू, कूटनीतिज्ञ तथा सर्वसाधारणको जीवन रक्षा नेपाली सेनाको पहिलो दायित्व बन्यो। जीवन रक्षा कुनै व्यक्ति विशेषको संरक्षण होइन, यो राज्यको आधारभूत कर्तव्य हो। भदौ २४ मा अवस्था अझ व्यापक र अराजक बन्दा जीवन जोगाउने प्राथमिकतासहित संयमित रूपमा उपस्थित भयो सेना। उक्त दिन कुनै अकल्पनीय घटना भएको भए त्यसले निम्त्याउने थप द्वन्द्व र अस्थिरतातर्फ पनि गहिरिएर विचार पुर्‍याउनु पर्दछ। भौतिक पूर्वाधार महत्त्वपूर्ण भए पनि जीवनभन्दा माथि कदापि हुँदैन। मानवीय क्षतिको मूल्यमा भौतिक संरचना जोगाएको भए पनि फेरि प्रश्न उठ्ने पक्का थियो कि, सेनाले सिंहदरबार जोगाउन जनतालाई किन गोली हान्यो ? सर्वसाधारण व्यक्तिहरूले पनि कठिन परिस्थितिमा सेनाले तत्काल सहयोग र उद्धार गरेको अनुभव सार्वजनिक गरेकै छन्। नेपाली जनताको जीवन रक्षालाई नै पहिलो प्राथमिकता दिएको थियो। भूकम्पजस्तो विपद्का समयमा मानिस घर/सम्पत्ति छोडेर किन खुला ठाउँमा निस्कन्छन् ? यो पनि विचारणीय छ।

**विश्वसनीयताको मेरुदण्ड, नागरिक सरकारको आदेशमा आधारित कार्यप्रणाली**

आन्तरिक दंगा नियन्त्रणमा प्रहरी र सशस्त्र प्रहरी बल नेपाल अग्रपङ्क्तिमा रहने संवैधानिक व्यवस्था छ। सेना अन्तिम उपायका रूपमा रहन्छ। यही विभाजनले लोकतन्त्रलाई सुरक्षित राख्छ। सोहीअनुसार आवश्यकताको सिद्धान्तले छिटोभन्दा छिटो पहलता लिई सेनाले उद्धार, मानवीय सहायता र संवेदनशील स्थानको संरक्षणमा संयमित भूमिका खेलेकै थियो। अप्रत्याशित रूपमा विकसित घटनाक्रममा सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाली सेनाले सङ्कटको व्यवस्थापन गरेको कुरामा पर्याप्त सार्वजनिक बहस भएकै छन्।

संकटको घडीमा सेनाले गरेको संयोजन र संवादका सकारात्मक प्रयासमा समेत प्रश्नहरू आइरहेका छन्। सेनाले कुनै राजनीतिक एजेन्डा अघि सारेको छैन, न त सत्ता हस्तक्षेपको आकांक्षा देखाएको छ। परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो सङ्कट व्यवस्थापनमा सरोकारवालाबीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व नै हो, जुन हाल विकसित परिस्थितिले उजागर गरेकै छ। अन्ततः निर्णयको अधिकार कार्यपालिका र सम्माननीय राष्ट्रपतिको नै रह्यो र सेनाले त्यसलाई सम्मान गर्‍यो। यही तथ्य नै सेनाको लोकतान्त्रिक प्रतिबद्धताको प्रमाण हो।

**पृथ्वीनारायण शाहको तस्बिर : राष्ट्रिय एकताको प्रतीक**

भदौ २४ गते सेना प्रमुखको सन्देशमा पृथ्वीनारायण शाहको तस्बिर देखिनुलाई विभिन्न ढङ्गबाट आलोचना गरेको देखिन्छ। पृथ्वीनारायण शाह आधुनिक नेपालको निर्माता र राष्ट्रिय एकताको प्रतीक हुन् भन्नेमा कोही पनि सच्चा नेपाली जनताको दुईमत नहोला। राष्ट्र निर्माता कुनै पनि तन्त्र र वादभन्दा माथि रहेको नेपालको ऐतिहासिक पहिचान हुन्। सङ्कटको क्षणमा राष्ट्रिय एकता, सार्वभौमसत्ता र अखण्डताको स्मरण गराउनु कुनै राजनीतिक सन्देश होइन, राष्ट्रिय चेतनाको आह्वान हो। त्यस सन्दर्भमा सेनाको नेतृत्वले एकताको सन्देश दिने प्रयास गर्नु सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई कायम गर्नु पर्दछ भन्ने सन्देश थियो।

**सेनाको विश्वसनीयता र प्रतिबद्धता**

इतिहासतर्फ फर्केर हेर्दा आजको दिनसम्म नेपाली सेनाले कहिल्यै सत्ता हस्तक्षेप गरेको छैन। बरु, संवैधानिक सङ्क्रमणको समयमा संयम र अनुशासित भई नागरिक सर्वोच्चताको पक्षमा उभिएको छ। इतिहासकालदेखि हालसम्म नेपालमा भएका परिवर्तनहरूलाई सेनाले आत्मसाथ गर्दै आएको छ। संयुक्त राष्ट्र सङ्घका शान्ति मिसनहरूमा निरन्तर सहभागी हुँदै फौज खटाउने राष्ट्रहरूको सूचीमा अग्रस्थानमा रहेको नेपाली सेनाले आफ्नो व्यावसायिकता, मानवअधिकारप्रतिको प्रतिबद्धता र अन्तरराष्ट्रिय विश्वसनीयता प्रमाणित गरेको छ। सेनामा राजनैतिक महत्वाकाङ्क्षा पटक्कै देखिँदैन। तत्कालीन राजनैतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेको चाहिँ पक्कै हो। सेनामा यदि राजनीतिक महत्वाकाङ्क्षा हुन्थ्यो भने, आज हामी यो अवस्थामा हुन्थ्यौं र ?

**वर्तमान राष्ट्रिय सुरक्षा र आगामी निर्वाचन**

आज देश निर्वाचनको दिशामा अघि बढिरहेको छ। यस्तो समयमा संस्थागत धैर्य, सुरक्षा संयन्त्रबीच स्पष्ट कार्यविभाजन र सबै निकायका नेतृत्वहरूको जिम्मेवारी महत्त्वपूर्ण रहेको छ। सेनाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्दै संवैधानिक आदेशअनुसार भूमिका निर्वाह गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ। नजिकिँदै गएको निर्वाचनलाई भयरहित ढङ्गबाट सुसम्पन्न गर्न आम जनसमुदायसहित सबै एकजुट हुनु पर्दछ।

अन्त्यमा, गत भदौ २३-२४ गतेको जटिल परिस्थितिमा सेनालगायत सबै सुरक्षा निकायको भूमिकाको सन्दर्भमा नागरिक वृत्तमा सकारात्मक छलफल तथा बहस गरी सुझाव दिनुलाई राम्रै मान्नुपर्छ। सोहीअनुसार सेनाले आन्तरिक रूपमा उक्त कार्य गरेकै छ। यद्यपि परिस्थितिको सतहीभन्दा वस्तुपरक ढङ्गबाट विश्लेषण गरी नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई मजबुत बनाउनु नै राष्ट्रको हितमा रहन्छ। सङ्कटको समयमा राष्ट्रिय सुरक्षाका अङ्गहरूबीच थप आपसी समन्वय, सद्भाव र सहकार्य हुनु जरुरी छ। उक्त घटनाक्रममा सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको छ। तत्कालीन परिस्थितिमा न त हस्तक्षेप गरेको छ, न कुनै राजनीतिक महत्वाकाङ्क्षा राखेको छ। जीवन रक्षालाई सधैं प्राथमिकतामा राख्यो, संयमता अपनायो र अन्ततः निकास प्रक्रियाबाटै खोजियो। सेना संविधानप्रति निष्ठावान् छ, स्थापित सरकारको अधीनमा रही राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षामा प्रतिबद्ध छ।

*(स्रोतः जनसम्पर्क तथा सूचना निर्देशनालय, जंगी अड्डा)*

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं